# दोधारा चाँदनी नगरपालिका

## दोधारा चाँदनी कञ्चनपुर

## नगरपालिका स्तरिय मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति (गठन तथा परिचालन) कार्यविधि २०७७

**प्रस्तावना :**

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ जुन विशेष ऐनको रुपमा रहेको छ । यस विशेष ऐन लाई प्रभावकारी कार्यान्वयन गर्नका लागि निर्मित मानव बेचबिखन तथा ओसार पसार ( नियन्त्रण) नियमावली २०६५, मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) (पहिलो संशोधन) नियमावली २०७७ र मानव बेचबिखन विरुद्धको स्थानीय समिति (गठन तथा परिचालन) निर्देशिका २०६५ अनुसार मानव बेचबिखन तथा ओसारपसारलाइ नियन्त्रण गर्नका लागी केन्द्र देखि स्थानीय तह सम्म समितीहरु गठन तथा परिचालन गर्ने ब्यवस्था गरेको छ । यसै ऐन र नियामावली तथा निर्देशिका अनुसार बिगतमा केन्द्रीय समिती,जिल्ला समिती र स्थानिय समितीहरु गठन तथा परिचालन गरि रोकथाम ,संरक्षण, अभियोजन लगायतका कार्य गर्दै आएको छ । यसै क्रममा समन्वय र सहकार्यलाई पनि उच्च प्राथमिकताका साथै मानव बेचबिखन तथा ओसारपसारलाई नियन्त्रण गर्ने बिबिध कार्यहरु गरिरहेको छ । यसै अनुसार स्थानीय स्तरमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी समितिहरूको गठनमा एकरूपता ल्याउन तथा परिचालन गर्ने प्रयोजनका लागि कार्यविधिको आवश्यकतालाई मननगर्दै नगरपालिका स्तरिय समितिको गठन तथा काम, कर्तव्य र अधिकार निर्धारणका लागि यो कार्यविधि तयार पारिएको हो ।नेपालको संबिधान २०७२ को भाग ३ को धारा २९ मा उल्लेखित शोषण बिरुद्धको हकको उपधारा ३ मा कसैलाइ पनि बेचबिखन गर्न, दास वा बधुवा बनाउन पाइने छैन र कसैलाई पनि निजको इच्छा बिपरित काममा लगाउन पाइने छैन भनि स्पष्ट उल्लेख गरिएको छ । साथै संघीय राज्यको ब्यवस्था मुताबिक स्थानीय सरकार संचालन ऐन २०७४ अर्न्तगत स्थानीय तह संचालन हुदै आइरहेका छन । उक्त ऐनको दफा १४ मा स्थानीय सरकारले विभिन्न विषयगत समिती उप-समितीहरुको गठन गर्नसक्ने ब्यवस्था रहेकाले माहाकाली नगरपालिकाले मानव बेचबिखन तथा ओसारपसार  नियन्त्रण (गठन तथा परिचालन) कार्यविधि २०७७ जारी गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

**१**. संक्षिप्तनाम र प्रारम्भः (१)यस कार्यविधिको नामः मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिती (गठन तथा परिचालन)कार्यविधि २०७७ रहने छ ।

(२). यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाःविषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

**(क) ‘ऐन’भन्नाले** मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ सम्झनुपर्दछ ।

(ख) "नियमावली"भन्नाले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली २०६५, सम्झनु पर्दछ ।

(ग) "स्थानीय तह" भन्नाले दोधारा चाँदनी नगरपालिका सम्झनु पर्दछ ।

(घ) "वडा कार्यालय " भन्नाले माहाकाली नगरपालिका वडा नं १ देखि १० नम्बर सम्मका सबै वडा कार्यालय सम्झनु पर्दछ ।

(ङ) "समिती" भन्नाले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिती सम्झनु पर्दछ ।

(च) "नगरपालिका स्तरीय समिती" भन्नाले मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण माहाकाली नगरपालिका स्तरीय समिती सम्झनु पर्दछ ।

(छ)"वडा समिती" भन्नाले मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण दोधारा चादनी नगरपालिकाका वडा नं १ देखि १० नम्बर सम्मका सबै वडामा गठित समिती सम्झनु पर्दछ ।

## परिच्छेद - २

## नगरपालिका स्तरीय समिती

**(३) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण नगरपालिका स्तरीय समितीको गठन देहाय बमोजिम हुनेछ ।**

(१). नगरपालिकाको आयोजनामा स्थानीय महिला समूह, लैङ्गिक हिंसा निवारणको लागि निगरानी समूह, स्थानीय बाल सन्जाल, बाल संरक्षण समिति, स्थानीय पत्रकार, समाजसेवी, विभिन्न संघ संस्था, स्वास्थ्य स्वयमसेविका तथा स्थानिय विद्यालयका शिक्षक शिक्षिका,स्थानिय प्रहरी आदिको उपस्थितीमा गाउपालिका स्तरीय भेला गर्ने । उक्त भेला नगरपालिकाको नगर प्रमुखको अध्यक्षतामा बस्नेछ । (२) सोही भेलाले देहायका प्रतिनिधिहरूको मनोनयन गरी नगरपालिका स्तरिय समिति गठन गर्नेछ ।

**(४) मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण नगरपालिका स्तरीय समिती सम्वन्धि व्यबस्था देहाय बमोजिम हुनेछ । (१)** मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) नियमावली २०६५, मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) (पहिलो संशोधन) नियमावली २०७७ र मानव बेचबिखन विरुद्धको स्थानीय समिति (गठन तथा परिचालन) निर्देशिका २०६५ स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १४ अनुसार मानव बेचबिखन तथा ओसारपसार लाई नियन्त्रण गर्नका लागि माहाकाली नगरपालिकामा देहायबमोजिमको नगरपालिका स्तरीय समिती रहनेछ ।

**तपसिल :**

**१.**संयोजकः नगरपालिकाको प्रमुख

२.सदस्यःन्यायीक समितिको संयोजक

३. सामाजिक विकास समितिको संयोजक

३.सदस्यःप्रमुख, स्थानीय प्रहरी कार्यालय

.५.सदस्यःप्रधानाध्यापक वा निजले तोकेको शिक्षक(स्थानीय तह भित्रका सबैभन्दा उच्च तहको कुनै एक विद्यालय)

७.सदस्यःसंयोजक,नगरस्तरीय बाल संजाल

८.सदस्यःप्रमुख,स्वास्थ्य शाखा

९.सदस्यःप्रमुख, शिक्षा शाखा,

१०.(सदस्यःप्रमुख, आर्थिक विकास शाखा (कृषि र पशु)

११.सदस्य :मानब बेचाविखन नियन्त्रणको क्षेत्रमा विशिष्ट योगदान पुर्‍याएको व्यक्तिमध्ये नगरपालिका स्तरीय मानब बेचविखन नियन्त्रण समितिले मनोनीत गरेको व्यक्ति

१२.सदस्यःप्रतिनीधि,स्थानीय दलित महिला

१३.सदस्यःप्रतिनीधि, स्थानीय महिला समिति वा महिला सहकारी

१४.सदस्यःप्रतिनीधि, उद्योग वाणिज्य संघ वा संयोजक रोजगार तथा सुचना केन्द्र

१५. सदस्यः बेचबिखन तथा ओसारपसार विरद्धको क्षेत्रमा काम गर्ने गैसस संस्थाको प्रतिनिधि १ जना

१६सदस्यःमानव बेचबिखन तथा ओसारपसार पीडित व्यक्तिहरु मध्येबाट सम्बन्धित स्थानीय तहले मनोनीत गरेको एक जना सदस्य-उपलब्ध भए सम्म)

१७. स्थानीय पत्रकार

१८. .सदस्य सचिव : महिला तथा बालबालिका शाखा प्रमुख

**(५)**नगरपालिका स्तरीय समितीले कानुनी संरचनागत, कार्यविधीगत तथा अन्य आयश्यक विषयमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समिती, सुदूरपश्चिम प्रदेशको सामाजिक विकास मन्त्रालय, महिला वालवालीका तथा जेष्ठ नागरीक मन्त्रालय लगायत सम्वन्धित निकाय संग समन्वय गर्नेछ ।

## परिच्छेद - ३

## नगरपालिका स्तरीय समितिको काम, कर्तव्य र अधिकार

**(६) नगरपालिका स्तरीय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिमहुनेछ।**

1. मानव बेचबिखन तथा ओसारपसार विरुद्ध स्थानीय अभियान तथा कार्यक्रमहरु सञ्चालन गर्ने,
2. मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित स्थानीय तहमा लगत तथा अभिलेख अद्यावधिक गर्ने
3. पिडित सहायताका लागि आवश्यक अन्तर्निकाय तथा अन्तर स्थानीय तह समन्वय तथा सिफारिसको कार्य गर्ने।
4. स्थानीय स्तरमा पिडित सहायता तथा मानव बेचबिखन विरुद्दका कार्यक्रमहरु सञ्चालन गर्न मानव बेचबिखन विरुद्दको कोष स्थापना र सञ्चालन गर्ने
5. स्थानीय तहमा सभा सदस्य तथा सरोकारवालाहरुमाफ मानव बेचबिखनका विविध विषयमा प्रशिक्षण तथा क्षमता विकास गोष्ठी सञ्चालन गर्ने।
6. स्थानीय स्तरका कार्यक्रमहरु सञ्चालन गर्न अन्य सरकारी निकाय, गैसस तथा निजि क्षेत्रसँग सहकार्य र समन्वय गर्ने।
7. प्रत्येक वडामा वडाअध्यक्ष वा तोकिएको सदस्यको संयोजकत्वमा मानवबेचबिखन विरुद्दको वडास्तरीय समिति गठन र परिचालन तथा सबलीकरण गर्ने।
8. नगरपालिका स्तरीय समितिको बैठक बार्षिक न्युनतम ६ पटक र आवश्यकता अनुसार सो भन्दा बढी पनि बस्न सक्नेछ।
9. नगरपालिकामा रहेका रोजगार प्रवर्द्धन, महिलाविकास, बालअधिकार प्रवर्द्धन, कृषिविकास, पशु विकास वा यस्तै समुदायमा केन्द्रित कार्यक्रमहरूलाई पीडित तथा जोखिम क्षेत्रका बासिन्दाहरूलाई लक्षित गरी सञ्चालन गर्ने।

## परिच्छेद - ४

## वडा स्तरीय समिती

**(७) मानव बेचबिखन विरुद्दको वडा स्तरीय समितिको गठन देहाय बमोजिम हुनेछ ।** (१) वडाको आयोजनामा स्थानीय महिला समूह, लैङ्गिक हिंसा निवारणको लागि निगरानी समूह ,बालक्लब, स्थानीय पत्रकार, समाज सेवी, विभिन्न संघ संस्था, स्वास्थ्य स्वयम् सेविका तथा स्थानिय विद्यालयका शिक्षक शिक्षिका ,स्थानिय प्रहरी आदिको उपस्थितीमा वडा स्तरीय भेला गर्ने । उक्त भेला वडाअध्यक्षको अध्यक्षतामा बस्ने छ । (२) सोही भेलाले देहायका प्रतिनिधिहरूको मनोनयन गरी वडा स्तरिय समिति गठन गर्नेछ ।

**(८) वडा स्तरीय समिती सम्वन्धि व्यवस्था देहाय बमोजिम हुनेछ ।** (१)स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १४ अनुसार स्थानीय सरकारले विभिन्न विषयगत समिती उप-समितीहरुको गठन गर्नसक्ने व्यवस्था रहेको र मानव बेच बिखन तथा ओसारपसार नियन्त्रणका लागि माहाकाली नगरपालिकाले प्रत्येक वडामा देहाय बमोजिमको वडा स्तरीय समिती गठन गर्नेछ ।

**तपसिल :**

1. संयोजकः वडाअध्यक्ष, (वा निजले तोकेको व्यक्ति)
2. सदस्यः महिला प्रतिनिधि, वडा स्तरीय
3. सदस्यः सिमान्तकृत तथा दलित समुदायबाट महिला
4. सदस्यः महिला समुह/किशोरी समुह
5. सदस्यः बालक्लब
6. सदस्यः प्रधानाध्यापक, स्थानीयतहभित्रका सबैभन्दा उच्चतहको विद्यालय
7. सदस्यः प्रमुख, स्थानीय स्वास्थ्य सेवा केन्द्र
8. सदस्यः स्थानीय प्रहरी कार्यालय
9. सदस्यः स्थानीय तहमा क्रियाशील संघ संस्थाका प्रतिनिधि १ जना
10. सदस्यःमानव बेचबिखन तथा ओसारपसार पीडित व्यक्तिहरु मध्येबाट सम्बन्धित वडा समितिले मनोनीत गरेको एक जना सदस्य (उपलब्धभएसम्म)
11. सदस्य सचिवःवडा सचिव

## परिच्छेद - ५

## वडा स्तरीय समितिको काम, कर्तव्य र अधिकार

**(९)वडा स्तरीय मानव बेचबिखनविरुद्दको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।**

1. मानव बेचबिखन तथा ओसारपसार विरुद्ध स्थानीय अभियान तथा कार्यक्रमहरु सञ्चालन गर्ने,
2. आफनो कार्यक्षेत्र भित्र पिडितको उद्धार तथा संरक्षणको व्यवस्था गर्दै, पिडित सहायताका लागि आवश्यक अन्तर्निकाय तथा अन्तर स्थानीय तह समन्वय तथा सिफारीसको कार्य गर्ने ।
3. स्थानीय तहमा सभा सदस्य तथा सरोकारवालाहरुमार्फ मानव बेचबिखनका विविध विषयमा प्रशिक्षण तथा क्षमता विकास गोष्ठी सञ्चालन गर्ने ।
4. वडा स्तरीय समितिको बैठक बार्षिक न्युनतम ६ पटक र आवश्यक्ता अनुसार सो भन्दा बढी पनि बस्न सक्नेछ ।

   १०. मानब बेचविखन तथा ओसारपसार विरुद्धको वडा समिति र नगरस्तरीय समितिमा आवश्यकता अनुसार  बढीमा ३/ ३ जना सम्म यस क्षेत्रमा विशिष्ट योगदान पुर्‍याउने संघ संस्था वा व्यक्तिहरुलाई आमन्त्रित सदस्यमा आमन्त्रण गर्न सक्नेछन् ।

११.यस कार्यविधिमा  भएका व्यवस्थाहरु  मानब बेचविखन तथा ओसारपासर नियन्त्रण ऐन २०६४ र नियमावली २०६५र अन्य कुनै प्रचलित कानुनसँग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।